गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

पोखरा,
नेपाल।

पत्र संख्या :२०८३/८४
चलानी नं. : २६

मितिः- २०८३।०४।०६

**विषय: माननीय मन्त्री र सचिव बैठकको निर्णय सम्बन्धमा।**

श्रीमान् सचिवज्यू,
सबै मन्त्रालय/निकाय, गण्डकी प्रदेश।

प्रस्तुत विषयमा मिति २०८२।०४।०४ गते बसेको माननीय मन्त्री र सचिवको संयुक्त बैठकको निर्णय कार्यान्वयनको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८३।४।६

(अशोक गौतम)
प्रशासकीय अधिकृत/आठौं

**सादर अवगतार्थः**
माननीय मुख्यमन्त्रीज्यूको सचिवालय,
श्रीमान् प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा।

श्री प्रशासन (जीवनजी)
Website upload + निर्णय कार्यान्वयन व्यवस्था मिलाउने।
२०८३।४।७
(सचिव)

## मिति २०८३।०४।०४ गते बसेको माननीय मन्त्री र सचिवको संयुक्त बैठकका निर्णय

१. सबै मन्त्रालय र निकायले आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रमको समिक्षा यहि श्रावण महिनाभित्र सम्पन्न गर्ने।

२. सबै निकायहरूले चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तयार गरी समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। साथै, बजेट कार्यान्वयनका लागि आवश्यक कार्यविधि/निर्देशिका/दिग्दर्शन समयमै तर्जुमा/परिमार्जन गर्ने व्यवस्था मिलाउने।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ अनुसार आवश्यकता र औचित्य पुष्टि हुने गरी संक्षिप्त O & M गर्ने कार्य अगाडि बढाउने।

४. सार्वजनिक सेवा प्रवाहलाई स्वचालित बनाउन GIOMS (Government Integrated Office Management System) लागू गर्न बाँकी रहेका सबै मन्त्रालय/निकायले तत्कालै लागू गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८३।०३।२५ गते पत्राचार भए बमोजिम मन्त्रालय/निकाय र मातहतको कार्यालयको नाममा रहेको भोगाधिकार, लिज वा उपयोगमा लिएको घर/जग्गाको विवरण तीन दिनभित्र अनिवार्य रुपमा पठाउने।

६. स्वास्थ्य मन्त्रालयले गण्डकी प्रदेश जनस्वास्थ्य ऐन, २०८२ बमोजिम जनस्वास्थ्य नियमावली तर्जुमा गरी श्रावण मसान्तभित्र मन्त्रिपरिषद् बैठकमा प्रस्ताव ल्याउने।

७. दश वर्ष ननाघेका सवारी साधनको हकमा मर्मत सम्भार गर्नुपरेमा आवश्यकता र औचित्यता हेरी सम्बन्धित आधिकारीक सोरुम/वर्कसपबाट मात्रै मर्मत सम्भार गर्ने/गराउने व्यवस्था मिलाउने।

८. अन्तर मन्त्रालय समन्वयलाई थप Functional र Effective बनाउने।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

मुख्यमन्त्री